प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/०८


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको एकाउन्न प्रतिशत (५१.३१%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढिरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १५५२३३(१००%) | ७९६६१ (१००%) |
| निको भएको | १०८३३४ (६९.७९ %) | ५०७४९ (६३.७०%) |
| उपचाररत | ४६०५७ (२९.६७ %) | २८५१४ (३५.७९%) |
| मृत्यु भएको | ८४२ (०.५४%) | ३९८ (०.४९%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०८ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०८ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/०७

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १८१ | ५४ | २३५ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ४९ | ९ | ५८ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | ६ | ५ पुरुष र १ महिला |
| भक्तपुर | १ | १ पुरुष |
| धादिंग | १ | १ पुरुष |
| नुवाकोट | १ | १ महिला |
| ललितपुर | १ | १ महिला |
| जम्मा — १० | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- बानेश्वोर , काठमाडौँ का ७८ बर्षिय पुरुष कार्तिक ६ गते कोभिड-१९ पोजिटिभ भई स्वासप्रस्वासको समस्याले पाटन अस्पतालमा भर्ना भएकोमा कार्तिक ७ गते निधन भएको छ ।उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो। गोकर्णेश्वोर, काठमाडौँका ३२ बर्षिय पुरुष कार्तिक ४ गते बिर अस्पताल भर्ना भएकोमा कार्तिक ६ गते कोभिड-१९ पोजिटिभ देखिएको थियो। उपचारको क्रममा उहाँको कार्तिक ७ गते निधन भएको छ । जोरपाटी, काठमाडौँका ७० बर्षिय पुरुष असोज २५ गते ह्यमस अस्पतालमा अक्सिजनको अभाब र स्वास प्रश्वासमा समस्या भएर भर्ना भएकोमा असोज ३० गते कोभिड-१९ पोजिटिभ देखिएको थियो र उपचारको क्रममा उहाँको कार्तिक ७ गते निधन भएको छ । भक्तपुरका ७१ बर्षिय पुरुषमा असोज २५ गते कोभिड-१९ पोजिटिभ देखिएको थियो ।असोज २७ गते नेपाल ए पी एफ अस्पतालमा स्वास प्रस्वास सम्बन्धि र मुटु सम्बन्धि समस्यले भर्ना हुनु भएकोमा यही कार्तिक ७ गते निधन भएको छ। उहाँको मृगौला फेरिएको थियो र चिनी सम्बन्धि रोगको समेत बिरामी हुनुहुन्थ्यो।

- धादिंग  ठेगाना भई हाल जोरपाटी, काठमाडौँका ७० बर्षिय पुरुष असोज २५ गते ह्यम्स अस्पतालमा अक्सिजनको कमि  र स्वास प्रश्वासमा समस्या भएर भर्ना भएकोमा असोज ३० गते कोभिड-१९ पोजिटिभ देखिएको थियो र उपचारको क्रममा उहाँको कार्तिक ७ गते निधन भएको छ । नुवाकोटका ८० बर्षिया महिला कार्तिक ४ गते टिचिंग अस्पताल महाराजगंजमा कार्तिक ३  स्वास प्रस्वासको समस्यले भर्ना भएकोमा कार्तिक ४ गते कोभिड-१९ पोजिटिभ देखिएको थियो र उपचारको क्रममा उहाँको कार्तिक ८ गते निधन भएको छ ।उहाँ अलशैमर रोगको समेत बिरामी हुनुहुन्थ्यो। ललितपुरका ६५ बर्षिया महिलामा असोज ४ गते कोभिड-१९ पोजिटिभ देखिएको थियो ।असोज २९ मा पाटन अस्पतालमा भर्ना भएकोमा उपचारको क्रममा कार्तिक ७ गते निधन भएको छ ।उहाँ दम सम्बन्धि रोगको समेत बिरामी हुनुहुन्थ्यो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७६१२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २९२ जना बसिरहनुभएको छ भने १३५९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४६३३ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६९८ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८२३० जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १३८२८२ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय तह र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | आजको नयाँ संक्रमण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | होम आइसोलेशनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०५०१ | ५३१६३ | ५५०७२ | ८३२ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २६६४ | ११२३४ | ७७८५ | १७६ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १७१९ | ११५२५ | ५१२६ | १०२ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ४२ | १३५० | ७५ | १ | |
| नुवाकोट | ५४९ | २ | १६ | ४५ | ९ | १८९ | ५८५१ | ५१५ | ६ | |
| धादिङ | ३१५ | ० | १८ | १५५ | ४१ | ४४५ | ५१६५ | १०७७ | ११ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३ | १०८० | १५७७९ | ४११६ | ४९ | |
| सिन्धुली | ३१३ | १७ | २५ | ४३ | २० | ११५ | ३६७५ | ३५३ | २ | |
| मकवानपुर | १५५ | ३ | ० | २६० | ८३ | ९०० | १४५९१ | २९७३ | १९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | २० | १४७९ | ३३६ | ५ | |
| दोलखा | १९३ | २ | ३ | ४४ | १० | १६ | २३०७ | २६१ | ३ | |
| काभ्रे | ५९७ | ६ | ६६ | १७६ | ७८ | ४०४ | ६५०५ | १४६९ | ४ | |
| सिन्धुपाल्चोक | ७५४ | ३ | १०१ | १२६ | ४२ | १३५ | ५६५८ | ५०३ | ७ | |
| **जम्मा** | ७६१२ | २९२ | १३५९ | ४६३३ | ३६९८ | १८२३० | १३८२८२ | ७९६६१ | १२१७ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर.  परीक्षणको विवरण

- प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण आज प्राप्त नभएको र नमुना परिक्षण हुने क्रममा  रहेको छ ।

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (सामाजिक बिकाश मन्त्रालय, बागमती प्रदेश )

डा. पुरुषोतम राज सेढाई